*[गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितको स्वागत भाषण]*

**ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय: मृत्योर्मा अमृतम् गमय: ॐ शान्ति: शान्ति: शान्ति:**

**माननीय नीलाम्बर आचार्यज्यू, आदरणीय तथा सम्मानित 'ब्यौलाद्वय', तथा सभ्यगण,**

घुम्दैफिर्दै मालसिरीको धुनले फेरि आएर हामीलाई आह्लादित पार्दैछ। यस रमाइलो बेला म तपाईंहरू सबैलाई यो समारोहस्थलमा स्वागत निवेदन गर्दछु।

२०१३ सालका पुरस्कारहरू २०१४ सालका नौरथामा पुरस्कार-संस्थापिका रानी जगदम्बाले सत्यमोहन जोशी र चित्तरञ्जन नेपालीलाई अभ्यर्चना गर्दै अर्पण गरेको दृश्य ऐले मेरो आँखामा आइरहेको छ। ५३ वर्ष भैसक्यो, उहाँले स्थापित गरिराखेको परम्परा हामी पालना गर्दै छौं, छाडेका छैनौं। त्यसै हुँदा आज यहाँ उपस्थित सबैले एकपटक उहाँलाई सम्झिदिऊँ अनि जसका कारणले यो परम्परा कायम भयो, जर्नेल मदनशमशेर, उहाँलाई पनि स्मरण गरौं भन्ने म आग्रह गर्दछु।

नीलाम्बरज्यू, तपाइँको काँधमा कत्रो अभिभारा आइपरेको छ, त्यो हामी सबैले बुझेका छौं। त्यस्तो व्यस्त कार्यबाट पनि हाम्रो लागि समय छुट्याई आइदिनुभएकोमा गुठी-परिवार तपाईंप्रति अत्यन्त आभारी छ। म तपाईंलाई हार्दिक स्वागत अभिवादन गर्दछु।

रामशरण दर्नालज्यू, तपाईंलाई आज यसरी 'ब्यौला'का रूपमा देख्न पाउँदा मलाई साँच्चै नै अत्यधिक आनन्द लागेको छ। तपाईंको यस

गुठीसँगको दशकौं लामो सम्बन्ध यसरी टुङ्गोमा पुग्नु हामी सबैको सौभाग्य हो । म तपाईंलाई साधुवाद गर्दै स्वागत गर्दछु ।

युवराज नयाँघरेज्यू, हुन त मदन पुरस्कार युवाहरूले नै पाउने परम्परा रहेको पुरस्कार हो। हाम्रा सत्यमोहनजी, चित्तरञ्जनजी, मोदनाथ प्रश्रितजी, उत्तम कुवँर, शङ्कर लामिछानेहरू सबै कलिलै उमेरमा मदन पुरस्कार पाउने व्यक्तिहरू हुनुहुन्छ तापनि हाल आएर हाम्रो गुठीको उमेर बढ्दै जाँदा त्यसको छाप परेर हो कि, किन हो बूढाहरूको पुरस्कार ठानिन थालेको छ यो। त्यो ठीक होइन भन्ने देखाउन यसपटक तपाई देखा परिदिनुभएकोमा सर्वप्रथम म तपाईंलाई धन्यवाद भन्छु । तपाईंले भन्नुभएको जस्तै 'असत्यको पासा खेल्नेहरूका मूर्खता हेरी हाँसिरहने कोतपर्वको त्यो दर्शक अझै हामीलाई नियालिरहेछ' भन्ने कसैले बिर्सने छैन । यो देश हाँक्नेहरूलाई यसरी सतर्क गराउने तपाईंलाई म स्वागत गर्दछु। तपाईंको कलमले कैले विश्राम नलेओस् भन्ने प्रार्थना पनि गर्दछु ।

मित्रहरू, तपाईंहरूले यहाँ आएर आज हाम्रो उत्साह बढाइदिनुभएको छ। मैले सधैं भन्ने गरेजस्तो- तपाईंहरूको यो सानो समूहभित्र हामी नेपाली साहित्यिकहरू समग्रको छवि देख्ने गर्छौं। नेपाली कवि, लेखक, वुद्धिजीवीहरूका प्रतिनिधिस्वरूप म तपाईंहरूलाई एकमुष्ट स्वागत निवेदन गर्दछु । स्वागत छ ।

सबैको जय होस् ।